

NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 1 6/16/23 15:58

Air pollution is a growing problem that needs increased awareness in young and old. With this book, funded by the Atmosphere Programme at the International Centre for Integrated Mountain Development (ICIMOD), we hope to plant the seeds for change in the minds of children in Nepal. The International Centre for Integrated Mountain Development (ICIMOD) is a regional intergovernmental learning and knowledge sharing centre serving the eight regional member countries of the Hindu Kush Himalayas and the global mountain community. We're working to develop an economically and environmentally sound mountain ecosystem to improve the livelihoods of mountain populations – now, and for the future.

धुवाँको संसार

The World of Smoke

NP-LLP-17-0003
First edition
Copyright © Room to Read 2017
All rights reserved.

Room to Read is proud to make many of our books available for free under Creative Commons Attribution 4.0 (1) license. This means anyone can freely read, download, print, translate, adapt, and share these books.

For more information visit https://creativecommons.org/licenses/by/2.0/

Room to Read seeks to transform the lives of millions of children in developing countries by focusing on literacy and gender equality in education, working in collaboration with local communities, partner organizations and governments. We develop literacy skills and a habit of reading among primary school children and support girls to complete secondary school with the relevant life skills to succeed in school and beyond.

**Room to Read**
Post Box 21103, Kathmandu, Nepal.
Phone: 5553987, Fax: 5547520
email: nepal@roomtoread.org
web: www.roomtoread.org

# धुवाँको संसार



लेखक
टङ्क चौलागाईं

चित्राङ्कनकर्ता
सोनाम तामाङ

सम्पादक
डा. ध्रुवकुमार घिमिरे

यो किताब रुम टु रिडको पुस्तकालय सहयोग कार्यक्रम अन्तर्गत उपलब्ध गराइएको हो ।
बिक्री गर्न पाइने छैन ।

बोधिनी आमासँग घर फर्कंदै थिइन्। बाटोभरि धुवैँधुवाँ थियो। मोटरहरूबाट निस्केका धुवाँले बाटै नदेखिने भयो।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 4 6/16/23 15:59





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 5 6/16/23 15:59

बौधिनी र उनकी आमा नजिकैको चिया पसलभित्र गए।
चिया पसल धुवाँले भरिएको थियो।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 6 6/16/23 15:59

धुवाँले बौधिनीको आँखा पोल्यो। उनलाई श्वास फेर्न गाह्रो भयो। उनी खोक्न थालिन्।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 7 6/16/23 15:59

धुवाँले बोधिनीको आँखा पोल्यो। उनलाई श्वास फेर्न गाह्रो भयो।
उनी खोक्न थालिन्। बोधिनी बेहोस भइन्।
उनकी आमा डराउनुभयो।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 8 6/16/23 15:59

वरिपरिका मानिसहरूको सहयोगमा
आमाले बौधिनीलाई अस्पताल लानुभयो।







NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 9 6/16/23 15:59

"तिमीलाई स्वागत छ बोधिनी।" बोधिनीले आँखा खोलिन्।
उनको वरिपरि लामा लामा जुँगा भएका आकृतिहरू थिए।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 10 6/16/23 15:59

"ओहो, म त कहाँ आइपुगेँ!" बोधिनीले चारैतिर हेरेर छक्क पर्दै भनिन्।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 11 6/16/23 15:59

"तिमी अहिले धुवाँको संसारमा छ्यौ। पृथ्वीमा तिमीहरूले धुवाँ निकाल्ने काम गर्दा धुवाँसँगै हामी पनि निस्कन्छौँ। यो धुवाँको संसार तिमी जस्तै पृथ्वीका मानिसहरूको कारणले बनेको हो।" धुवाँहरूको राजाले भन्यो।

"धुवाँको संसार?" बोधिनीले छक्क पर्दै सोधिन्।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 12 6/16/23 15:59





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 13 6/16/23 15:59

"हो, हामी दिनदिनै बढ्दै छौँ। हामी रोगहरू फैलाउँछौँ र प्रदूषण बढाउँछौँ।" एउटा धुवाँले भन्यो।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 14 6/16/23 15:59

“हामी त हिउँ पगालेर बाढी अनि पहिरो निम्त्याउन पनि सक्छौँ। हामी जति बढ्छौँ मानिसहरूले त्यति दुःख पाउँछन्।” अर्को धुवाँले भन्यो।



“ओहो! यसरी त संसारमै ठुलो विपत्ति आउन सक्छ। तिमीहरूले यस्तो काम रोकिहाल।” बोधिनीले भनिन्।

“हामीले त हाम्रो काम गरेको मात्र हो। यदि यी सबै सङ्कटबाट बच्ने हो भने मानिसहरू आफैं सचेत हुनुपर्छ। मानिसहरूले हाम्रो स्रोत रोक्नुपर्छ।” धुवाँको राजाले सम्झायो।

“म मेरो तर्फबाट यो सन्देश फैलाउने सक्दो कोसिस गर्छु। अहिले मलाई छाडिदिनुहोस्। मलाई सास फेर्न गाह्रो भइसक्यो।” बोधिनीले अनुरोध गरिन्।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 16 6/16/23 15:59





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 17 6/16/23 15:59





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 18 6/16/23 15:59



धुवाँहरूले उनलाई झ्याइँकुटी पारेर पृथ्वीतिर झारे।



NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 19 6/16/23 15:59

बोधिनीलाई होस आउँदा उनी अस्पतालमा थिइन्।

'के म सपना देखिरहेकी थिएँ?' उनले सोचिन्।

"यो सबै धुवाँको कारणले भएको हो। अहिले अस्पतालमा आउने धेरै रोगीहरू धुवाँको सिकार भएका छन्। घरको फोहर मैला नजलाउनु होला र धुवाँ नआउने चुलोको प्रयोग गर्नुहोला।" डाक्टर बोधिनीकी आमालाई सम्झाउँदै हुनुहुन्थ्यो।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 20 6/16/23 15:59

घर फर्कदैं गर्दा बोधिनीले धुवाँले पु-याउने हानिबारे सोचिन्।

धुवाँ कम गर्न त्यति गाऱ्हो त छैन रहेछ। म धुवाँका खराब असरहरूबारे सबैलाई सम्झाउँने छु। यसलाई कसरी कम गर्न सकिन्छ भन्ने बारे पनि सबैलाई बुझाउने छु।

"आमा तपाईंले आफ्नो स्कुटरको मर्मत गर्नुपर्छ। यसले धेरै धुवाँ फ्यालिरहेको छ। हैन भने म कहिल्यै यसमा चढ्दिन।"
बोधिनीले आमालाई भनिन्।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 21 6/16/23 15:59

"ए तिमीहरू आयौ? कति ढिलो गरेको त।" बुबाले सोध्नुभयो।

"बुबा! बाटामा त म बेहोस भएछु। आमाले अस्पताल लानुभएछ। अहिले हामी अस्पतालबाट आउँदै छौँ।" बोधिनीले भनिन्।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 22 6/16/23 15:59

त्यसपछि डाक्टरले धुवाँ र त्यसका असरहरूबारे भन्नुभएको सबै कुरा बोधिनीले आफ्नो बुबालाई भनिन्।

सबै कुरा सुनेपछि बोँधिनीको बुबाले एक बाल्टी पानी ल्याउनुभयो। उहाँले बलिरहेको आगोमा पानी खन्याइदिनु भयो।
बोधिनी खुसी भइन्।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 23 6/16/23 15:59

केही दिन आराम गरेपछि बौधिनी विद्यालय गइन्। वातावरण दिवस कसरी मनाउने भन्ने बारे कक्षामा छलफल भयो।

बौधिनीले धुवाँका कारण आफू बेहोस भएको कुरा सबैलाई भनिन्। धुवाँको कारणले मानिसहरूको स्वास्थ्य र वातावरणमा पर्ने असरहरूबारे एउटा नाटक देखाउने प्रस्ताव राखिन्। उनका शिक्षक र साथीहरूले यो कुरा माने।



वातावरण दिवसको दिन सबैं अभिभावकहरू नाटक हेर्न आउनुभयो। विद्यालयको चौर दर्शकहरूले भरिएको थियो। केही बेरमा मञ्चको पर्दा खुल्यो। त्यसपछि नाटक सुरू भयो।






NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 25 6/16/23 15:59

‘आक्रमण!’ एकै स्वरमा
सबै धुवाँ पात्र कराए।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 26 6/16/23 15:59





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 27 6/16/23 15:59

केही अरू पात्रहरू मञ्चमा आए।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 28 6/16/23 15:59





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 29 6/16/23 15:59

नाटक सकियो। सबैले कलाकारहरूलाई स्याबासी दिनुभयो।
"धुवाँ हटाउने यो प्रयासमा हामी पनि सहयोग गर्छौं।"
उहाँहरूले भन्नुभयो।





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 30 6/16/23 15:59





NP-LLP-17-0003_Text_TheWorldOfSmoke.indd 31 6/16/23 15:59

